# हिउँपहिरोमा परेर वेपत्ता पाँचमध्ये तीन जनाको शव फेला

**दार्चुला/हिटा ।** दार्चुलाको ब्याँस गाँउपालिका-१ बोलिनमा मंगलबार हिउँपहिरोमा परि वेपत्ता भएका पाँच जनामध्ये एक पुरुष र दुई महिलाको शव बुधबार सशस्त्र प्रहरीले फेला पारेको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर ५० गुल्म छाङरुबाट सशस्त्र प्रहरी नायव उपरीक्षक ईश्वरीदत्त भट्टको कमाण्डमा गएको टोलीले तीन जनाको शव फेला पारेको हो ।

पहिरोमा वेपत्ता एक पुरुष र चार महिलामध्ये दुहु गाँउपालिका-४ पोक्से का १८ बर्षीय प्रविण कुँवरको सनाखत भएको छ भने अन्य दुई महिलाको सनाखत हुन सकेको छैन । हराईरहेका अन्य दुई जना महिलाको खोजी कार्य जारी रहेको छ ।

यार्सागुम्बा संकलन गर्न गएका १२ जनामध्ये पाँच जना हिउँपहिरोमा पुरिएर वेपत्ता भएका थिए भने अन्य सात जनाको सशस्त्र प्रहरीले मंगलबार साँझ नै उद्दार गरेको थियो । यार्सागुम्बा संकलन गर्न गएका अन्य १३ जनासमेत मंगलबार राति सशस्त्र प्रहरीको टोलीसँगै फर्किएका थिए ।

हिउँपहिरोमा वेपत्ता भएका महिलाहरूमा डोटीको जोरायल गाँउपालिका-२ वुडरकी ४५ बर्षीया नक्नी डोल्मा थापा, सोही ठाँउकी २८ बर्षीय ईश्वरी थापा, १५ बर्षीया क्षिमी सोमो थापा र दार्चुलाको दुहु गाँउपालिका-४ पोक्सेकी ३६ बर्षीया कमला कुँवर रहनुभएको छ ।

# धादिङको रुविभ्यालीमा हेलिप्याड निर्माण

**बाबुराम श्रेष्ठ/हिटा**
धादिङ, २० वैशाख



नेपाली सेनाले उत्तरी धादिङको रुविभ्याली गाउँपालिकामा हेलिप्याड निर्माण गरेको छ । रुविभ्याली गाउँपालिकाको रुविभ्याली-३ सेर्तुङस्थित कोच्जोङमा नेपाली सेनाले हेलिप्याड निर्माण गरेको हो । यो हेलिप्याड जिल्ला सदरमुकामभन्दा विकटमा बनेको पहिलो ठूलो हेलिप्याड हो ।

विपद्मा परेका, जटिल अवस्थाका गर्भवती/सुत्केरी महिला तथा गम्भीर खालका बिरामीलाई आकस्मिक उद्धार गर्न सहज होस् भन्ने उद्देश्यका साथ हेलिप्याड निर्माण गरिएको नेपाली सेनाको शिवदल गण गजुरीका गणपति प्रमुख सेनानी अशोकराज बरालले बताउनुभयो । 'जिल्ला सदरमुकामदेखि टाढा रहेको यस क्षेत्रमा सडकको सहज पहुँच नहुने भएकाले आपत्कालीन अवस्थामा उद्धार गर्न सहज होस् भन्नका लागि हेलिप्याड निर्माण गरेको हो,' बरालले बताउनुभयो ।

गाउँपालिकाको समन्वयमा सेनाले १० लाखको लगानीमा हेलिप्याड निर्माण गरेको हो । हेलिप्याड निर्माण हुनु खुसीको कुरा भएको गाउँपालिकाका स्थानीयले बताएका छन् । प्राकृतिक विपद्को समय उद्धारमा साह्रै कठिनाइ भोग्नुपरेको थियो, हेलिप्याड निर्माण भएपछि त्यस्ता कठिनाइ नरहने बताइएको छ ।

# सुदूरपश्चिममा मन्त्रीविहीनको असर: नयाँ बजेटको तयारी नै प्रभावित

**विराज रोस्यारा/हिटा**
धनगढी, २० वैशाख




सरकार गठन र विस्तारमा देखिएको किचलोले सुदूरपश्चिम प्रदेशका चारवटा मन्त्रालय चार महिनादेखि मन्त्रीविहीन छन् । मन्त्रालयको नेतृत्व गर्ने मन्त्री नहुँदा चालु वर्षको बजेट कार्यान्वयन र आगामी वर्षको बजेटका लागि योजना तर्जुमाको काम प्रभावित बनेका छन् ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय गत २६ पुसदेखि मन्त्रीविहीन छन् । गत मंसिरमा भएको निर्वाचनमार्फत् नयाँ जनप्रतिनिधि आएपछि २६ पुसमा एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावलको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो । तर, मन्त्रिपरिषद् विस्तार गर्न नपाउँदै उहाँको सरकार एक महिनामै ढल्यो ।

सदनमा उहाँले विश्वासको मत पाउन सक्नुभएन । भागबण्डा र विश्वासको मतको किचलोले नियुक्त गरेका दुई बिनाविभागीय मन्त्रीलाई समेत उहाँले जिम्मेवारी दिन सक्नुभएन । रावल पदमुक्त भएपछि २६ माघमा नियुक्त हुनुभएका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशसभाबाट दुई तिहाइ मत पाउनुभयो । सत्ता गठबन्धनबीच भागबण्डा नमिल्दा करिब तीन महिनासम्म पनि उहाँले मन्त्रिपरिषद् विस्तार गर्न सक्नुभएन ।

सातसदस्यीय मन्त्रिपरिषद्मा चार मन्त्रालय रिक्त छन् । सरकारमा अहिले कांग्रेसबाट मुख्यमन्त्रीसहित प्रकाशबहादुर देउवा भौतिक पूर्वाधार विकास र एकीकृत समाजवादीबाट नरेशबहादुर शाही आर्थिक मामिलामन्त्री हुनुहुन्छ । बाँकी चार मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री शाहले आफैंसँग राख्नुभएको छ । लामो समयदेखि मन्त्रीविहीन हुँदा मन्त्रालयहरूले नयाँ बजेटका लागि योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाउन सकेका छैनन् ।

आर्थिक वर्षको अन्त्यतिर नयाँ बजेट निर्माण र चालु बजेट कार्यान्वयनको चटारो हुनुपर्नेमा मन्त्री नहुँदा दुवै काम प्रभावित बनेका कर्मचारी बताउँछन् । आगामी बजेटको 'सिलिङ' यसअघि नै तोकिइसकेको भए पनि मन्त्री नभएकाले मातहतका कार्यालयलाई बाँडफाँट गर्न नसकिएको अधिकारीहरूले बताएका छन् । 'सिलिङ बाँडफाँटका लागि मन्त्रीको निर्णय चाहिन्छ । नेतृत्व नहुँदा आगामी योजना तर्जुमा प्रक्रिया अगाडि बढाउन गाह्रो भइरहेको उनीहरूले बताएका हुन् । मन्त्री नहुँदा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ठाउँ, ठेगाना फरक परेर सामान्य त्रुटि भएका एक दर्जन योजना सच्याउन सकेको छैन । मन्त्रालयका अनुसार योजनाका त्रुटि सच्याउन मन्त्रिस्तरीय निर्णय गरेर आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्छ ।

# विद्यालयमै नर्सिङ सेवा

**रामचन्द्र रायमाझी/हिटा**
पाल्पा, २० वैशाख



पाल्पाको रैनादेवी छहरा गाउँपालिकाले 'एक माध्यमिक विद्यालय, एक नर्स' कार्यक्रम सुरु गरेको छ । विद्यालयमा बालबालिकाको नियमित उपस्थिति र स्वास्थ्य परीक्षणका लागि गाउँपालिकाले आन्तरिक स्रोतबाट करारमा नर्स नियुक्त गरेको हो । गाउँपालिकाले वडा-४ स्थित भैरव नवदिप माध्यमिक विद्यालयबाट गत भदौ महिनादेखि यो कार्यक्रमको सुरुवात गरेको छ ।

स्टाफ नर्स सृष्टि कार्कीलाई नर्स शिक्षकका रूपमा जिम्मेवारी दिइएको विद्यालयले जनाएको छ । विद्यालयमा नर्स शिक्षक राखेपछि नियमित पठन-पाठनमा धेरै सुधार आएको विद्यालयका प्रधानाध्यापक झलकबहादुर रायमाझीले बताउनुभयो । 'पहिले दिनमा पाँच/सातजना बिरामी भइराख्थे, अभिभावकलाई बोलाएर घर पठाउनुपर्थ्यो,' उहाँले भन्नुभयो, 'तर अहिले विद्यालयमै उपचार हुन्छ, केही समय नर्सको रेखदेखमा उपचारपछि पुन: कक्षाकोठामा फर्किन्छन् । अहिले जटिल समस्या देखिएका दुई/तीनजना घर पठाउने गरेका छौँ ।' यो कार्यक्रमबाट विद्यार्थीहरू ढुक्कले विद्यालय आउने गरेको र विद्यालयमा ड्रप आउटको समस्या हट्दै गएको प्रधानाध्यापक रायमाझीले बताउनुभयो । अहिलेसम्म ५५० भन्दा बढी विद्यार्थीहरूले उपचार सेवा पाएका छन् । दिनहुँ चार/पाँचजना विद्यार्थीहरू केही न केही स्वास्थ्य समस्या लिएर विद्यालय नर्ससमक्ष आउने गरेका छन् । गर्मीका कारण बेहोस हुने, खेल्दा चोटपटक लाग्ने, महिनावारीको समस्या, टाउको दुख्ने, मौसमी रुघाखोकीको उपचार गर्दै आएको विद्यालयकी नर्स कार्कीले बताउनुभयो । ' अहिले सामान्य समस्यामा उपचार र स्वास्थ्यसम्बन्धी सबैलाई जान्नुपर्ने सामान्य ज्ञान दिँदै आएकी छु,' उहाँले भन्नुभयो । विद्यालयमा उपचार गर्न आउने सबै विद्यार्थीहरूको रेकर्ड फाइल राख्दै आएको समेत नर्स कार्कीले जानकारी दिनुभयो ।

विद्यालयमा नर्स राखेपछि आफूहरूलाई निकै सहज भएको कक्षा १० मा अध्ययनरत छात्रा मनिषा खत्रीले बताउनुभयो । 'विशेष गरी महिनावारी भएको समयमा सहज भएको छ,' उहाँले भन्नुभयो, 'म र मेरा साथीले कति पटक त कक्षा नै छाडेर घर जानुपर्दथ्यो तर अहिले भने त्यो समस्या छैन । एकछिन मेडिकल रुममा गएर तातो पानी खाने, तातोपानीले सेक्ने र अत्यावश्यक परे औषधि लिएर आराम गरे निको हुन्छ र फेरि कक्षाकोठामा फर्कन्छौं ।' यस्तै कक्षा १० का रामबहादुर थापाले विद्यालयमा नर्स राखेपछि पेट र टाउको दुख्ने समस्या कम भएको बताउनुभयो । 'सधैं स्कुल आउनुपर्‍यो बिहान ७ बजे खाना खाएर साँझ ४ बजेसम्म भोकै बस्नुपर्थ्यो, खाली पेट भएकाले ग्यास्ट्रिक भएको रहेछ,' उहाँले भन्नुभयो, 'अहिले भने कम भएको छ । उहाँले स्वस्थ रहनका लागि धेरै उपाय सिकाउनुभएको छ । साथै विद्यालयमा हिँड्डुल गर्दा लडेर चोटपटक लाग्दा मेडिकल खोज्दै बाहिर पनि जानुपरेको छैन ।'

गाउँपालिकाले नमुनाका रूपमा लागू गरेको विद्यालय नर्स कार्यक्रम अहिले किनै प्रभावकारी बन्दै गएको छ । पालिकाले आगामी पाँच वर्षभित्र पालिकाका सबै मावि विद्यालयमा यो कार्यक्रम लैजाने योजनासहित अघि बढेको पालिका अध्यक्ष रुक्मांगत भट्टराईले बताउनुभयो । पालिकाले सुरु गरेको विद्यालय नर्स कार्यक्रमको नियमितरूपमा अनुगमन गर्दै आएको र आवश्यकताका आधारमा भौतिक पूर्वाधार, उपकरण तथा औषधिको व्यवस्थापन थप गर्दै जानेसमेत उहाँले बताउनुभयो ।

स्थानीय सरकारबाट अधिकांश रकम भौतिक पूर्वाधारमा मात्र खर्चिएको समयमा रैनादेवी छहरा गाउँपालिका पाल्पाले विद्यालय स्वास्थ्य क्षेत्रमा लगानी गरेको हो । यो कार्यक्रमले विद्यालयको स्वास्थ्य तथा शिक्षामा सुधार आउने, बालबालिकाको कक्षा छोड्ने समस्या हटी पठन-पाठनमा नियमितता हुने, बालबालिकाका स-साना स्वास्थ्य समस्याहरू विद्यालयबाटै समाधान हुने पालिकाले विश्वास लिएको छ । विद्यार्थीहरूले कक्षाकोठामै उपचार सेवा पाए पनि व्यवस्थित उपचारका लागि अझै पूर्वाधार तथा उपकरणहरूको विस्तार गर्दै जानुपर्ने आवश्यकता रहेको विद्यालयका सूचना अधिकारी दामोदर घिमिरेले बताउनुभयो ।

**Thulung Dudhkoshi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Mukli, Solukhumbu**

**Intention for Award of Contract**

**Date of publication: 2080/01/21 (2023-05-04)**

Pursuant to clause 27(2) of Public Procurement Act 2063, this is to notify all the concerned bidders that the following substantially responsive lowest evaluated bidder has been selected to award the contract as per the Invitation for Bid published in Aarthik Rastriya Dainik Newspaper on 2079/10/29. Thulung Dudhkoshi Rural Municipality intends to award the contract to the same.

| S.N. | Contract No./ Name of Contract | Name of successful Bidder | Total Bid Price Including VAT and PS (NRs) |
|---|---|---|---|
| 1. | TDRM/NCB/W/RD-02-2079/2080 (Panchan-Mukli-Armas Road Upgrading Work) | Gagan/Radur Joint Venture, Solududhakunda Municipality-05,Solukhumbu. | 2,09,19,706.37/- |

**Chief Administrative Officer**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल
**वीर अस्पताल**

**प्रोप्राइटरी सामान खरिद सम्वन्धि सुचना**

(सूचना प्रकाशित मिति : २०८०/०१/२१)

यस अस्पतालका लागि तपसिलमा उल्लेखित सामाग्रीहरु नेपाल स्थित आधिकारिक विक्रेतासँग सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४१ को उपदफा १ (घ) तथा उपदफा ३ बमोजिम खरिद गर्नुपर्ने भएकोले सोसँग सम्वन्धित अन्य आपूर्तिकर्ताहरु भएमा मिति २०८०/०१/२७ गते कार्यालय समयभित्र (अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म) यस अस्पतालको खरिद इकाईमा प्रमाणित हुने कागजात सहित सम्पर्क राख्न हुन सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ (६) वमोजिम जानकारी गराइन्छ ।

| सि.नं. | सामान तथा सेवाको नाम | सेवा प्रदायक कम्पनी | नेपालको आधिकारीक विक्रेता |
|---|---|---|---|
| 1 | HS1 Ultrasound Parts | Konica Minolta Japan, INC. | Fair Trade Pvt.Ltd., Dharmapath, Kathmandu |

**निर्देशक**

**Invitation for Bids**
Government of Nepal
**Ministry of Health & Population**
**Pokhara Academy of Health Science Kaski**
**Date of publication : 2080/01/21**

1. The Pokhara Academy of Health Science invites *electronic* bids from eligible bidders for the *Procurement of following items* under National competitive bidding (NCB-one stage two envelop procedure) .
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 533500 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank    Name of Office: Pokhara Acaemy of Health Science, Pokhara
   Office Code no. : 370613901  Office Account no.: 1000100200010000,
   Rajaswa (revenue) Shirshak no. 14229
4. Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2080.02.21, Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at 12:30, 2080.02.21 at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting as follows for each bid, which shall be valid for 30 days beyond the validity period of the bid .
   *If bidder wishes to submit cash bid security*
   *Name of the Bank: Agriculture Development Bank,*
   *Name of Office: Pokhara Academy of Health Sciences Office Account no: 0316401591248071*
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. *Bid shall be evaluated on package wise basis.*
9. The name and identification of the contracts are as follows:

| S.N. | Bids No | Name of Procurements | Bid Documents Fee | Bid Security amount (NRS) |
|---|---|---|---|---|
| 1 | PAHS/NCB/ GOODS/2079-80/29 | Procurement of X-Ray Machine with two flat panel detector | 3,000/- | 3,00,000/- |
| 2 | PAHS/NCB/ GOODS/2079-80/30 | Procurement of Autoclave Machine | 3,000/- | 1,00,000/- |
| 3 | PAHS/NCB/ GOODS/2079-80/31 | Procurement of C-Arm Machine | 3,000/- | 2,15,000/- |

**DIRECTOR**

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति २०८० /०१/२१*

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०७९/१२/१४ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु (भ्याट र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS -07/079-80 | Bismure Archale Irrigation Project, CSGM-13 | L.O.G. Construction And Suppliers Pvt.Ltd, Chautara, Sindhupalchok | १३,९२,५६८. १८ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

CMYK